स्विकृत मिति २०७७।०३।२७

# स्थानीय राजपत्र

## राप्ती गाउँपालिका

| | | |
|---|---|---|
| भाग: १ | अङ्क: ३ | मिति २०७७।०३।२७ |

**राप्ती गाँउपालिकाको आर्थिक ऐन ,२०७७**

**राप्ती गाँउपालिका**

**मसुरिया, दाङ**

**५ नं. प्रदेश नेपाल**

राप्ती गाँउपालिकाको आर्थिक ऐन, २०७७

**प्रस्तावना:**

**राप्ती गाउँपालिकाको आर्थिक वर्ष**२०७७/७८ **को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वियन गर्न र स्थानीय कर तथा** शुल्क लगाउने तथा राजस्व संकलन र राजस्व प्रशासन सम्बन्धि कानुनी व्यवस्था गर्न **वाञ्छनीय भएकोले,**

**नेपालको संविधान २०७२** र स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम **बमोजिम राप्ती गाउँपालिकाको** छैठौं **गाउँसभाले यो ऐन बनाएको छ।**

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

**(क) यस ऐनको नाम "राप्ती गाउँपालिकाको आर्थिक ऐन,**२०७७**" रहेको छ**

**(ख) यो ऐन २०७७** साउन **१** देखि राप्ती **गाउँपालिका क्षेत्रमा लागू हुनेछ।**

२. **सम्पत्ति कर/घर जग्गाकर :-यस गाउँपालिका क्षेत्रभित्रअनुसूची (१) बमोजिम सम्पत्ति कर** वा **घरजग्गा कर लगाईने र असुल उपर गरिनेछ।सम्पत्ति कर प्रयोजनको लागि गाउँकार्यपालिकाले कार्यविधि वनाई लागु गर्न सक्नेछ।**

३. **वहाल कर :-गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी वा अन्य कुनै बहालमा लगाईने साधन पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (२) बमोजिम वहाल कर लगाईने र असुल गरिनेछ।**

४. **मालपोत(भूमि) कर :-**

**(१) यस गाउँपालिका क्षेत्र भित्र रहेका जग्गाहरुमा गाउँपालिकाले अनुसूची ३ बमोजिमको मालपोत(भूमि) कर लगाइने र असुल उपर गरिनेछ।**

**(२) चालु आ.व.भित्र कर नबुझाउनेले पहिलो वर्षको वक्यौता मा ३० प्रतिशत र दोश्रो वर्ष देखि प्रत्येक वर्ष २० प्रतिशत का दरले जरिवाना थप हुदै जाने छ । पौष मसान्त सम्म कर बुझाउने करदातालाइ चालु आ.व.को रकममा १० प्रतिशत छुट दिईनेछ।**

५. **व्यवसाय कर :-गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।**

६. **जडिबुटी,कवाडी र जीवजन्तु कर :-गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।**

७. **साना सवारी साधन कर :-गाउँपालिका क्षेत्रभित्र दर्ता भएका साना सवरी साधनलाईअनुसूची (६) बमोजिम साना सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ।** गाँउपालिका भित्र चल्ने टेम्पो,अटो रिक्सा प्रदेश कानुन बमोजिम कर लगाई असुल गरिने छ ।

८. **विज्ञापन कर :-यस गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइ असूल उपर गरिनेछ।**

९. **मनोरञ्जन कर :-यस गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय वा सेवामा प्रदेश नं. ५ को** प्रदेश**आर्थिक विधेयक** ऐन२०७७ **को दफा ४अनुसूची (३) बमोजिम तोकिएको मनोरञ्जन कर यस गाउँपालिकाले असुल उपर गरिनेछ।**

१०. **बहाल बिटौरी शुल्क :-गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण ,रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसल**वा सरकारी ऐलानी जग्गामा बनेको संरचनाको उपयोगवापत **सोही अनुसुचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।**

११. **पार्किङ शुल्क :-गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए बापत अनुसूची -९) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ।**

१२. **सेवा शुल्क, दस्तुर :-गाउँपालिकाले उपलव्ध गराउने सेवा तथा राप्ती गाउँपालिकाले निर्माण तथा संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधारमा सेवाग्राहीबाट अनुसूची (१०) मा उल्लेखित सेवा शुल्क, दस्तुर लगाईने र असुल उपर गरिनेछ।**

१३. **पर्यटन शुल्क :-नेपाल सरकार वा प्रदेश नं. ५ को प्रदेश सरकारले अन्यथा व्यवस्था गरेकोमा बाहेक यस गाउँपालिका भित्र रहेका उद्ययन, पार्क, संग्राहलय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमती दिएका प्राचीन स्मारक र पुरातात्विक सम्पदामा प्रवेश गरेपावत यस गाउँपालिकाले (अनुसूची ११) बमोजिम पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।**

१४. **दर घटाउने, बढाउने वा छुट तथा मिनाहा सम्बन्धी व्यवस्था :- (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर मिनाह दिईने छैन।**

**तर माथि जुनसकै कुरा उल्लेख भएता पनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन र कानून बमोजिम लगाइएका शुल्क र करका दर घटाउन, बढाउन त्यस्तो शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको वा बढाइएको वा छुट दिइएको सूचना राप्ती गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्नुपर्ने छ ।**

**(२) उपदफा १ बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्ण छुट दिइएको विवरण प्रत्येक वर्ष गाउँ कार्यपाालिकाले सभामा पेश गर्नुपर्नेछ।**

**(३) उपदफा १ बमोजिम दिइएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको माल बस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।**

**१५. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः- यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ । सो को लागि कार्यपालिकाले कार्यविधि बनाई लागु गर्न सक्ने छ । यस** ऐनमा उल्लेख नभएको विषयमा कर संकलन गर्नुपर्ने भएमा कार्यपालिकाको निर्णय अनुसार करको दर तोकी संकलन/असुल गर्न २सकिने छ ।

**१६. अधिकार प्रत्यायोजनः-यस ऐनमा उल्लेख हुन छुट भएका करका दायरा र दरहरुको सम्बन्धमा गाउँ कार्यपालिका अध्यक्ष स्तरको निर्णयवाट निर्धारण गरी असुल उपर गर्न सकिनेछ । सो बमोजिम निर्धारण गरिएको कर यसै ऐन बमोजिम निर्धारण भएको मानिनेछ ।**

**१७. प्रक्रिया सरलीकरण र बाधा अड्काउ फुकवा गर्न सक्ने :-प्रचलित कर तथा शुल्क दस्तुर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको र सार्वजनिक आवगमनमा अवरोध भएको वा विपद्को कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपयोग गर्न नपाउने अवस्था सृजना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै वाधा अड्काउ पर्न गएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको वाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।**

# <u>अनुसूची (१)</u>

**ऐनको दफा २ सँग सम्बन्धीत**

**सम्पत्ति करको दर विवरण**

**न्यूनतम रु १००/- र सो भन्दा माथी निम्नानुसारको सम्पत्तिकर लाग्ने छ।**

| करयोग्य सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| बीस लाख रुपैयाँसम्म | प्रति लाख रु. १० (रु दश) |
| एक्काइस लाख देखि पचास लाख रुपैयाँसम्म | प्रति लाख रु. १५ (रु पन्ध्र) |
| एकाउन्न लाख देखि नब्बे लाख रुपैयाँसम्म | प्रति लाख रु. २० (रु वीस) |
| एकानब्बे लाख रुपैयाँदेखि एक करोड चालिस लाख रुपैयाँसम्म | प्रति लाख रु. २५ (रु पच्चिस) |
| एक करोड एकचालिस लाख रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु. ३० (रु तीस) |
| दुई करोड एक लाख रुपैयाँदेखि दुई करोड पचहत्तर लाख रुपैयाँसम्म | प्रति लाख रु.४० (रु चालिस) |
| दुई करोड छेहत्तर लाख रुपैयाँदेखि तिन करोड पचहत्तर लाख रुपैयाँसम्म | प्रति लाख रु.५० (रु पचास) |
| तिन करोड छेहत्तर लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु.६५ (रु पैसठ्ठी) |
| पाँच करोड रुपैयाँदेखी माथि | प्रति लाख रु.८० (रु असी) |

**मुल्यांकन रकमलाई रु लाखमा** (round figure)**मा परिणत गरी करको दर निर्धारण हुनेछ।**

**चालु आ.व.भित्र कर नबुझाउनेले पहिलो वर्षको वक्यौता मा ३० प्रतिशत र दोश्रो वर्ष देखि प्रत्येक वर्ष २० प्रतिशत का दरले जरिवाना थप हुदै जाने छ। पौषमसान्त सम्म कर बुझाउने करदाता लाई चालु आ.व.को रकममा १० प्रतिशत छुट दिईनेछ।**

**यस प्रयोजनका लागि सम्पत्ति विवरण लुकाई कर छली गरेको उजुरी परेको र सो सम्वन्धमा छानवीन गर्दा कर छली गरेको ठहर भएमा असुल उपर हुने करको ७५ प्रतिशत जरिवाना लिइने छ। सो जरीवानाको २५ प्रतिशत रकम उजुरीकर्तालाई पुरस्कार स्वरुप प्रदान गरिने छ। उजुरीकर्ताको नाम गोप्य राखिने छ।**

## अनुसूची (२)

**ऐनको दफा ३ सँग सम्बन्धीत**

**बहाल कर**

| क्र.सं. | वहाल कर | दर | कैफियत |
|---|---|---|---|
| १ | आफ्नो निजी घर, पसल ग्यारेज, गोदाम, शेड, कारखाना वा पोखरी कुनै व्यक्तिले पुरै वा आंशिक रुपमा वहालमा दिएकोमा | १० प्रतिशतका दरले | |
| २ | आफ्नो निजी सवारी साधन पुरै वा आंशिक रुपमा बहालमा लगाइएको | १० प्रतिशतका दरले | |

चालु आ.व.भित्र कर नबुझाउनेले पहिलो वर्षको वक्यौता मा ३० प्रतिशत र दोश्रो वर्ष देखि प्रत्येक वर्ष २० प्रतिशत का दरले जरिवाना थप हुदै जाने छ। पौष मसान्त सम्म कर बुझाउने करदातालाई चालु आ.व.को रकममा १० प्रतिशत छुट दिईनेछ।

यस कर प्रयोजनको लागि झुट्टा विवरण पेश गरेको उजुरी परी सो ठहर भए भएमा बहाल रकमको थप २० प्रतिशत जरिवाना तिर्नुपर्ने छ भने सूचना दिने व्यक्तिलाई १० प्रतिशत रकम पुरस्कार प्रदान गरीने छ। उजुरी कर्ताको नाम गोप्य राखिने छ।

## अनुसूची (३)

**दफा ४ को उपदफा १ सँग सम्बन्धित**

**मालपोत भुमि कर**

| क्र. सं. | साविक गा.वि.स. | वर्ग | विवरण /स्थान | आ.व. २०७६/७७ को न्युनतम मुल्याङ्कन(प्रति व.मि) | मालपोत दर प्रति कठ्ठा रु |
|---|---|---|---|---|---|
| **१** | **लाल मटिया** | | १. **भालुवाङ बजार क्षेत्रको(न.वि.सं बाट वितरण भएको समेत( प्यूठान र भित्री सडकसँग दाँया बाँया जोडिएको जग्गा** | २२००.०० | ११० |
| | | | २. **राजमार्गसँग दाँया बाँया जोडिएको जग्गा ।** | २१००.०० | ११० |
| | | | ३. **भालुवाङ बजार बाहेक अन्य पक्की सडकसग दाँया बाँया जोडिएको जग्गा ।** | १००० | ६० |
| | | | ४. **पहाडी क्षेत्र बाहेक सबै प्रकारको कच्ची सडकसग दाँया बाँया जोडिएको जग्गा ।** | ६५० | ४० |
| | | | ५. **३ढ,३त, ३ण, ४ग, ४घ, ५ख, ६क, ६ख, ६ग,७क, ७ख, ८ख, ८घ खेती योग्य जग्गा।** | ४०० | २० |
| | | | ६. **पहाडी क्षेत्र कच्ची तथा ग्रेबल बाटोको दाँया बाँया** | २०० | १० |
| | | | ७. **खेतीयोग्य जग्गा तराई**<br>८. **खेतीयोग्य जग्गा पहाड** | २००<br>५०.०० | २०<br>१० |
| **२** | **सिस हनिया** | | १. **४क, ४ग, ५क, ५ख, ६ख, ७क, ७च राजमार्गसँग दाँया बाँया जोडिएका जग्गा ।** | २२००.०० | ११० |
| | | | २. **पक्की सडकसँग दाँया बाँया जोडिएको जग्गा ।** | १३५० | ६० |
| | | **अन्य** | ३. **अन्य सबै प्रकारको सडकसँग दाँया बाँया जोडिएको जग्गा(पहाडी क्षेत्रबाहेक)** | ७५० | ४० |

| क्र. सं. | साविक गा.वि.स. | वर्ग | विवरण /स्थान | आ.व. २०७६/७७ को न्युनतम मुल्याङ्कन(प्रति व.मि) | मालपोत दर प्रति कठ्ठा रु |
|---|---|---|---|---|---|
| | | | ४. **४क, ४ग, ५क, ५ख, ६ख, ७क, ७च खेतीयोग्य जग्गा ।** | ३०० | २० |
| | | | ५. **पहाडी क्षेत्र कच्ची बाटोको दाँया बाँया** पर्ने जग्गा | १५ | १० |
| | | | ६. | | |
| | | | ७. | | |
| | | **अन्य** | ८. **खेतीयोग्य जग्गा तराई**<br>९. **पहाड** | २०<br>१० | २०<br>१० |
| **३** | **साविक हाँसिपुर १ र २** | | **१. खेत र खेतियोग्य जग्गाहरु**<br>**२. पाखो खेतियोग्य जग्गाहरु** | ४०.००<br>३०.०० | १०<br>१० |
| **४** | **अन्य** | | **१.अन्य पाखो जग्गाहरु**<br>**२.नदी कटान तथा पहिरो कटानमा परेका जग्गाहरु** | | ५<br>५ |

**पुनश्चः**

**माथी जुनसुकै दर उल्लेख भएता पनि न्यूनतम मालपोत रु २०/- र न्यूनतम जग्गा एक कठ्ठाको गणना गरिनेछ । बक्यौता मालपोत असुली प्रयोजनको लागि पहिलो वर्षको २० प्रतिशत र त्यस पछि थप १० प्रतिशतका दरले जरिवाना लिइने छ भने पौष मसान्त सम्म मालपोत बुझाउनेलाई १० प्रतिशत छुट दिइनेछ । विगतको बक्यौता रकम लाई हालकै दरमा उल्लेखित जरिवाना सहित असुल गरिनेछ ।**

**साथै यस प्रयोजनका लागि जग्गाको झुठ्ठा मुल्यांकन गरी मालपोत छली गरेको उजुरी परेको र सो सम्वन्धमा छानवीन गर्दा मापोत छली गरेको ठहर भएमा असुल उपर हुने करको ७५ प्रतिशत जरिवाना लिइने छ । सो जरीवानाको २५ प्रतिशत रकम उजुरीकर्तालाई पुरस्कार स्वरुप प्रदान गरिने छ । उजुरीकर्ताको नाम गोप्य राखिने छ ।**

- मालपोत कार्यालय दाङ वाट आ.व. २०७७/७८ का लागि जग्गाको न्युनतम मुल्याङ्कन कायम भएको पत्र / किताव प्राप्त भएपछि सोही अनुसार न्युनतम मुल्याङ्कनमा परिवर्तन हुनेछ ।

# अनुसूची (४)

## ऐनको दफा ५ सँग सँम्बन्धीत

## व्यवसाय कर

| | | | |
|---|---|---|---|
| **१** | **डिस्टिब्यूटर्स, थोक पसल, खूद्रा पसल** | **वार्षिक कर** | |
| **१.१** | **मदिरा पसल** | | |
| | रक्सी, वियरको डिस्टिब्यूटर्स | १५०००।०० | |
| | रक्सी, वियरको थोक पसल | १००००।०० | |
| | रक्सी, वियरको खूद्रा बिक्री पसल | ५०००।०० | |
| **१.२** | **सूर्ती जन्य (धुम्रपान) पसल** | | |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको डिलर पसल | १२०००।०० | |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको थोक पसल | ८०००।०० | |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | ३५००।०० | |
| **१.३** | **हल्का पेय पदार्थ पसल** | | |
| | हल्का पेय पदार्थको डिलर | ५०००।०० | |
| | हल्का पेय पदार्थको खूद्रा पसल | २०००।०० | |
| **१.४** | **सुन चांदी पसल** | | |
| | काचो सुन थोक विक्रेता | ८०००।०० | |
| | अन्य सून चांदी पसल | ३५००।०० | |
| **१.५** | **औषधी व्यवसाय** | | |
| | औषधी डिस्ट्रिव्युटर्स | १००००।०० | |
| | औषधी थोक तथा डिस्ट्रिव्युटर्स | ७०००।०० | |
| | औषधी खूद्रा पसल (डाक्टर भएको) | ५०००।०० | |

| | | | |
|---|---|---|---|
| | औषधी खूद्रा पसल (डाक्टर नभएको) | ३०००।०० | |
| १.६ | **आयूर्वेदिक औषधी पसल** | | |
| | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी थोक पसल | ३५००।०० | |
| | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी खूद्रा | १५००।०० | |
| | एग्रोभेट थोक पसल | २५००।०० | |
| | एग्रोभेट खूद्रा पसल | १२००।०० | |
| १.७ | **स्टेशनरी तथा पूस्तक पसल** | | |
| | स्टेशनरी तथा पूस्तक डिस्टिव्युटर्स तथा कापी उद्योग | ५०००।०० | |
| | स्टेशनरी तथा पूस्तक थोक | २५००।०० | |
| | स्टेशनरी तथा पूस्तक खूद्रा | २०००।०० | |
| | मुद्रण सामाग्री खरिद बिक्री | २०००।०० | |
| १.८ | **डिपार्टमेन्टल स्टोर्स /सुपर मार्केट** | | |
| | डिपार्टमेन्टलस्टोर | ५०००।०० | |
| | सुपर मार्केट | १०००००।०० | |
| १.९ | **पुजा सामाग्री पसल** | १०००।०० | |
| १.१० | **कस्मेटिक पसल** | | |
| | कस्मेटिक थोक पसल | ३०००।०० | |
| | कस्मेटिक खुद्रा पसल | १५००।०० | |
| १.११ | **मोटर पार्ट विक्री पसल** | | |
| | मोटर पार्ट सामान बिक्री ग्यारेज सहित | ७५००।०० | |
| | मोटर पार्ट सामान बिक्री | ४०००।०० | |
| | ग्यारेज मात्र | ३०००।०० | |
| | मोटर साईकल वर्कसप | २५००।०० | |

| | | | |
|---|---|---|---|
| १.१२ | **बोडी विल्डर्स सामान बिक्री** | | |
| | बोडी विल्डर्स सामान बिक्री समेत | ८०००।०० | |
| | बोडी विल्डर्स सामान बिक्री मात्र | ६०००।०० | |
| | बोडी विल्डर्स मात्र | ४५००।०० | |
| | स्टीकर बिकी पसल | २०००।०० | |
| १.१३ | **लूब्रिकेसन सेक्सन तर्फ** | | |
| | लूब्रिकेसन डिस्टिव्युटर्स | ४०००।०० | |
| | लूब्रिकेसन थोक पसल | ३०००।०० | |
| | लूब्रिकेसन खूद्रा पसल | २०००।०० | |
| १.१४ | **प्लाई तथा ग्लास हाउस** | | |
| | प्लाई हाउस थोक पसल | ५०००।०० | |
| | ग्लास हाउस थोक पसल | ३५००।०० | |
| | प्लाई तथा ग्लास हाउस थोक पसल | ५०००।०० | |
| | प्लाई हाउस खुद्रा पसल | २०००।०० | |
| | ग्लास हाउस खुद्रा पसल | २०००।०० | |
| | प्लाई तथा ग्लास हाउस खुद्रा पसल | ३०००।०० | |
| १.१५ | **कपडा तथा फेन्सी पसल** | | |
| | कपडा, थोक पसल | ४०००।०० | |
| | फेन्सी तथा व्याग थोक पसल | ३०००।०० | |
| | कपडा, फेन्सी तथा व्याग थोक पसल दुवै | ५०००।०० | |
| | फेन्सी तथा व्याग खूद्रा पसल | २०००।०० | |
| | कपडा, खूद्रा पसल | १५००।०० | |
| | कपडा, फेन्सी तथा व्याग खुद्रा पसल | २०००।०० | |

| | | | |
|---|---|---|---|
| १.१६ | **धागो टांक फस्नर थोक पसल** | | |
| | धागो, टांक, फस्नर थोक पसल | ५००।०० | |
| | धागो, टांक, फस्नर खुद्रा पसल | २००।०० | |
| १.१७ | **इलेक्ट्रोनिक विक्री पसल** | | |
| | मोवाइल कम्पनी सेल्स उपशाखा, डिस्ट्रिव्युटर्स | ४०००।०० | |
| | इलेक्ट्रोनिक थोक पसल | ३५००।०० | |
| | इलेक्ट्रोनिक खुदा पसल | २५००।०० | |
| | अडियो, भिडियो क्यासेट पसल | ५००।०० | |
| १.१८ | **विद्युत सामाग्री पसल** | | |
| | विद्युत सामाग्री थोक पसल | ४०००।०० | |
| | विद्युत सामाग्री खूद्रा पसल | २५००।०० | |
| १.१९ | **हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | | |
| | थोक पसल | ७५००।०० | |
| | खूद्रा पसल | ४०००।०० | |
| १.२० | **पेट्रोलियम पदार्थ** | | |
| | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | १२०००।०० | |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | १००००।०० | |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | ८०००।०० | |
| | ग्यांस सिलिण्डर डिलर | ४०००।०० | |
| | सव डिलर विक्रेता | २५००।०० | |
| १.२१ | **स्टील, आल्मूनियमको भाडा तथा अन्य पसल** | | |
| | भाडा पसल थोक | ३५००।०० | |
| | भाडा पसल खुद्रा | २०००।०० | |

| | | | |
|---|---|---|---|
| १.२२ | फर्निशर्स पसल | | |
| | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | ३०००।०० | |
| | फ्लोरिङ तथा फर्निशर्स खुद्रा पसल | २०००।०० | |
| १.२३ | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | | |
| | **बस, ट्रक, ट्रयाक्टर जिप, कारको डिलर** | ५००००।०० | |
| | **मोटरसाइकल डिलर/इन्धनवाला अटो रिक्सा डिलर** | १००००।०० | |
| | **इलेक्ट्रिक साइकल/यलेक्टीक रिक्सा डिलर** | ७५००।०० | |
| | **अन्य साइकल /रिक्सा** | १५००।०० | |
| | **रिकण्डिसन हाउस** | ३०००।०० | |
| | **थोक तथा एजेन्सी एवं खुद्रा** | | |
| | **टायर डिलर** | ४०००।०० | |
| | **टायर विक्रेता** | २५००।०० | |
| | **पम्पिङ सेट जेनेरेटर डिलर** | ३५००।०० | |
| | **पम्पिङ सेट जेनेरेटर विक्रेता** | २०००।०० | |
| | **विविध विषयका सामान सप्लायर्स तथा एजेन्सी** | २५००।०० | |
| १.२४ | **दैनिक उपभोग्य वस्तु** | | |
| | **खाद्यान्न सप्लायर्स** | ३०००।०० | |
| | **आलु प्याज लसुन अदुवा थोक** | १५००।०० | |
| | **गल्ला थोक** | २५००।०० | |
| | **खाद्यान्न तथा किराना थोक** | २०००।०० | |
| | **खाद्यान्न तथा किराना खुद्रा** | १०००।०० | |
| | **भित्री सडकमा रहेका साना किराना पसल** | ५००।०० | |
| | **खाद्यान्न सामाग्री प्याकेजिङ** | १५००।०० | |
| १.२५ | **फलफूल पसल** | | |
| | **फलफूल पसल थोक** | ३०००।०० | |
| | **फलफूल पसल खुद्रा** | १०००।०० | |
| १.२६ | **तरकारी पसल** | | |
| | **तरकारी पसल थोक** | ३०००।०० | |
| | **तरकारी पसल खुद्रा** | १०००।०० | |
| १.२७ | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा** | | |
| | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट चिकित्सक | ३०००।०० | |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | २०००।०० | |
| | **कबिराज/हे.अ.** | १५००।०० | |
| १.२८ | **कन्सल्ट्यान्ट सेवा** | | |

| | | | |
|---|---|---|---|
| | इन्जिनियरिङ परामर्श सेवा फर्म | ७५०००।०० | |
| १.२९ | कानून व्यवसायी | | |
| | ल फर्म तथा कानून परामर्श सेवा | २५००।०० | |
| | लेखापढी फर्म | १०००।०० | |
| १.३० | लेखा परीक्षण व्यवसाय तर्फ | | |
| | लेखा परीक्षण (सि.ए.) | ४०००।०० | |
| | लेखा परीक्षण अन्य | १५००।०० | |
| १.३१ | दन्त चिकित्सा सेवा | | |
| | डेन्टल होम सेवा | २०००।०० | |
| | दन्त चिकित्सा सेवा | २५००।०० | |
| १.३२ | अनूसन्धान सेवा | | |
| | अनुसन्धानकर्ता | १५००।०० | |
| | कम्प्युटर एनालिस्ट तथा प्रोग्रमर | १५००।०० | |
| | विमा एजेन्ट | १०००।०० | |
| | सर्भेयर | १५००।०० | |
| | नोटरी पव्लिक अनूवादक | २५००।०० | |
| | पशु चिकित्सक सेवा | १५००।०० | |
| | शेयर ब्रोकर | ३०००।०० | |
| | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय | २०००।०० | |
| | पेन्टर | ३०००।०० | |
| | रियल स्टेट व्यवसाय | १००००।०० | |
| | ग्रामीण पशु सेवा कार्यकर्ता दर्ता | १०००।०० | |
| १.३३ | निर्माण व्यवसाय | | |
| | निर्माण व्यवसायी | | |
| | क वर्ग | २५०००।०० | |
| | ख वर्ग | २००००।०० | |
| | ग वर्ग | १५०००।०० | |
| | घ वर्ग | १००००।०० | |
| | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता समेत भएको लाई थप | ५०००।०० | |
| | सटरिङ्ग व्यवसाय | | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएको | ३०००।०० | |
| | सटरिङ्ग सामानमात्र भएको | १५००।०० | |
| | मिक्चर मात्र भएको | १५००।०० | |
| | वाटर ड्रिलिङ्ग व्यवसाय मेसिनरी उपकरण भएकोलाई | २५००।०० | |
| २ | **उत्पादन मुलक उद्योग** | | |
| | **कृषि जन्य** | | |

| | | | |
|---|---|---|---|
| | **ठुला** | २५०००।०० | |
| | **मझौला** | १००००।०० | |
| | **साना** | ३०००।०० | |
| | **गैर कृषि जन्य** | | |
| | **ठुला** | ५००००।०० | |
| | **मझौला** | ३००००।०० | |
| | **साना** | ३०००।०० | |
| | **प्लाष्टिक जन्य उद्योग** | ७५००।०० | |
| | **चप्पल उद्योग** | ५०००।०० | |
| २.१ | **ग्रील उद्योग** | ३०००।०० | |
| २.२ | **साबुन उद्योग** | | |
| | साबून सर्फ उद्योग ठुला | ६०००।०० | |
| | साबून सर्फ उद्योग मझौला | ४०००।०० | |
| | साबून सर्फ उद्योग साना | ३०००।०० | |
| २.३ | **जुत्ता उद्योग** | | |
| | जूत्ता उधोग तथा जूत्ताको शोरूम | २५००।०० | |
| | जूत्ता/चप्पल पसल | २०००।०० | |
| | जूत्ता मरर्मत गर्ने | ५००।०० | |
| २.४ | **कृर्षि फर्म तथा पशु आहार उद्योग** | | |
| | पशू आहरा उद्योग | ४०००।०० | |
| | पशू आहरा बिकी केन्द्र | १५००।०० | |
| | गाइ/भैसी/ फर्म | १०००।०० | |
| | बंगुर फर्म तथा माछा | १०००।०० | |
| | भेडा /वाखा फर्म | १०००।०० | |
| | कृषि फर्म | १०००।०० | |
| | रसायनीक मल विक्रेता | १५००।०० | |
| | कृषक समूह नविकरण कर | २५०।०० | |
| | पंक्षी ५०० सम्म | ५००।०० | |
| | पंक्षी ५०० देखि १००० सम्म | १०००।०० | |
| | पंक्षी १००० देखि २५००सम्म | १५००।०० | |
| | पंक्षी २५०० देखि ५००० सम्म | २५००।०० | |
| | पंक्षी ५००० देखि माथी | ३०००।०० | |
| २.५ | **घरेलू कूटिर उद्योग** | | |
| | अगर बत्ती उद्योग | ५००।०० | |
| | मैन बत्ती उद्योग | ५००।०० | |
| | टिकी उद्योग | २००।०० | |
| | अचार उद्योग | १००।०० | |
| | अन्य कुटिर उद्योग | १००।०० | |
| २.६ | **कपडा तथा गार्मेन्ट उद्योग** | | |
| | कपडा उद्योग | ४०००।०० | |

| | | | |
|---|---|---|---|
| | गारमेन्ट उद्योग | २५००।०० | |
| | ज्याकेट तथा ब्याग उद्योग | २०००।०० | |
| | होजियारी तथा धागो उद्योग | १५००।०० | |
| | सिरक डसना उद्योग/पसल | २०००।०० | |
| | ढाका उद्योग | १०००।०० | |
| २.७ | **पेय पदार्थ उत्पादन उद्योग** | | |
| | मिनरल वाटर उद्योग | ५०००।०० | |
| | पिउने पानी सप्लायर्स | १५००।०० | |
| | आइस बरफ उद्योग | १५००।०० | |
| | आइसक्रीम उद्योग | १०००।०० | |
| | सोडा उद्योग | १०००।०० | |
| २.८ | **भांडा उद्योग** | | |
| | धातु जन्य भाडा उद्योग | ५०००।०० | |
| | प्लाष्टिक जन्य भाडा उद्योग | ४०००।०० | |
| | टिनको बासक, बाल्टी, स्टोभ | १०००।०० | |
| २.९ | **कुटानी, पेलानी मिल** | | |
| | फलावर मिल | ५०००।०० | |
| | सेलर मिल मात्र | १५००।०० | |
| | कुटानी, पिसानी पेलानी मिल (हलर समेत) | २०००।०० | |
| | मसला, चिउरा मिल | १०००।०० | |
| २.१० | **डेरी उद्योग** | | |
| | डेरी उद्योग तथा बिक्री पसल | २०००।०० | |
| २.११ | **उपभोग्य बस्तू उत्पादन उद्योग** | | |
| | कूकिज/पाउरोटी/नूडल्स /चाउमिनउद्योग | ३०००।०० | |
| | कन्फेक्सनरी उद्योग | २०००।०० | |
| | विस्कूट उद्योग | २०००।०० | |
| | दालमोठ उद्योग | २०००।०० | |
| २.१२ | **फलाम कृषि औजार उद्योग** | १०००।०० | |
| २.१३ | **कागज, प्लाष्टिक रिकण्डिसन उद्योग** | १०००।०० | |
| २.१४ | **उर्जा मुलक उद्योग** | | |
| | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन | ५०००।०० | |
| | वायो ग्यास उद्योग | ४०००।०० | |
| | सौर्यशक्ति उत्पादन उधोग | ३०००।०० | |
| | सौर्यशक्ति मर्मत संभार पार्ट बिक्री | २०००।०० | |
| २.१५ | **कृषि तथा बनजन्य उद्योग** | | |
| | स मिल/प्लाइउड उद्योग | ५०००।०० | |
| | काठ विक्री डिपो | ४०००।०० | |
| | फाईवर र काठको फर्निचर उद्योग/शोरूम | ३५००।०० | |
| | फाईवररकाठको फर्निचर शोरूम, | ३०००।०० | |
| | बेतबांसको उद्योग/व्याम्बो शोरूम | १५००।०० | |

| | | | |
|---|---|---|---|
| २.१६ | **खनिज उद्योग** | १५०००।०० | |
| २.१७ | **इटा उद्योग चिम्नी** | २५०००।०० | |
| २.१८ | **इटा उद्योग सामान्य** | १००००।०० | |
| २.१७ | **सिमेन्ट उद्योग** | १५००००।०० | |
| २.१९ | **गिटी तथा वालुवा वासिङ प्लान्ट** | २५०००।०० | |
| २.२० | **कंक्रिट उद्योग** | | |
| २.२०.१ | कंक्रिट व्लक /तारवार पोल उत्पादन गर्ने उद्योग | ४०००।०० | |
| २.२०.२ | सेनेटरी उद्योग तथा व्यवसाय | २५००।०० | |
| २.२०.३ | गिट्टी वालूवा आदी संकलन घाटगद्दी तथा बिक्री प्रति घ.मि. | ५०।०० | |
| २.२०.४ | क्रसर उद्योग | ४००००।०० | |
| २.२१ | **पर्यटन उद्योग** | | |
| | **टुर एण्ड टावल्स** | १५००।०० | |
| ३ | **होटल लज एण्ड रेष्टूरेण्ट** | | |
| | पार्टी प्यालेस | ६०००।०० | |
| | होटल लज एण्ड रेष्टूरेण्ट | ४०००।०० | |
| | होटल एण्ड लज | ३०००।०० | |
| | होटल /भोजनालय | २०००।०० | |
| | रेष्टूरेण्ट | २०००।०० | |
| | ल्ज | २०००।०० | |
| | दोहरी सांझ | ६०००।०० | |
| | फास्टफुट तथा क्याफे/नास्ता पसल | १५००।०० | |
| | नास्ता पसल | १०००।०० | |
| ४ | **मिष्ठान/क्याटरिङ पसल** | | |
| | मिष्ठान/भण्डार | १५००।०० | |
| | चिया तथा कफि पसल | ५००।०० | |
| ५ | **टेण्ट हाउस** | | |
| | टेण्ड हाउस | ५०००।०० | |
| | क्याटरिङ | ४०००।०० | |
| ६ | **सेवा उद्योग** | | |
| | **छापाखाना** | | |
| | अफसेट प्रेस | २०००।०० | |
| | स्क्रिन प्रिन्ट प्रेश | १५००।०० | |
| | लेटर प्रिन्ट प्रेश | १०००।०० | |
| ७ | **सिनेमा हल** | | |
| | सिनेमा हल | १००००।०० | |
| | फिल्म डिस्ट्रिव्युटर्स | ५०००।०० | |
| ८ | **कलरल्याव सेवा** | | |
| | कलरल्याव सेवा | २०००।०० | |

| | | | |
|---|---|---|---|
| | भिडियो मिक्सिङ | २०००।०० | |
| | फोटो स्टूडियो सेवा | १०००।०० | |
| ९ | **संचार सेवा** | | |
| | टेलिफोन, मोवाईल, इन्टरनेट सेवा प्रदायक कम्पनी | १००००।०० | |
| | ईन्टरनेट वितरक | ३०००।०० | |
| | टि.भि. च्यानल प्रशारण सेवा | ५०००।०० | |
| | केबूल च्यानल प्रशारण सेवा | ७५००।०० | |
| | एफ.एम.प्रशारण सेवा | १०००।०० | |
| | पत्रपत्रिका प्रकाशन सेवा | ५००।०० | |
| १० | **कम्युनिकेशन सेवा** | | |
| | टेलीफोन टावर प्रति थान | ५०००।०० | |
| | विभिन्न रिचार्ज कार्ड थोक विक्रेता | १०००।०० | |
| | फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | १५००।०० | |
| | कुरियर सेवाको मुख्य कार्यालय | १५००।०० | |
| | कुरियर सेवाको शाखा कार्यालय | १०००।०० | |
| ११ | **बित्तीय सेवा** | | |
| | बाणिज्य बैंक मुख्य कार्यालय | ५००००।०० | |
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय | २५०००।०० | |
| | बिकास बैंक मुख्य कार्यालय | ३००००।०० | |
| | विकास वैंकप्रति शाखा कार्यालय | २००००।०० | |
| | फाइनान्स कम्पनी मुख्य कार्यालय | २५०००।०० | |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | १५०००।०० | |
| | लघुवित्त कम्पनी मुख्य कार्यालय | २००००।०० | |
| | लघुवित्त कम्पनी शाखा कार्यलय | १००००।०० | |
| | विमा कम्पनीहरूमुख्य | ५०००।०० | |
| | विमा कम्पनीहरू शाखा | २०००।०० | |
| | रेमिटान्स तथा मनी एक्सचेन्जर | १५००।०० | |
| | बहुद्धेशिय सहकारी संस्था | २०००।०० | |
| | वित्तीय सहकारी संस्था | २०००।०० | |
| | महिला विकास सहकारी | १५००।०० | |
| १२ | **स्वास्थ्य सेवा** | | |
| | **स्वास्थ्य सेवा व्यवसाय** | | |
| | गैह्र सरकारी अस्पताल | ५०००।०० | |
| | नर्सिङ्गहोम | ५०००।०० | |
| | एम.आर.आइ.,सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | ३०००।०० | |
| | पोली क्लिनिक | ३०००।०० | |
| | प्याथोलोजी (दिसा, पिसाव, रगत आदि जांच) क्लिनिक | २०००।०० | |
| | अक्युपन्चर, फिजियो थेरापी, स्वास्थ क्लिनिक | १५००।०० | |

| | | | |
|---|---|---|---|
| | एक्सरे क्लिनिक | १०००।०० | |
| | चश्मा पसल | १०००।०० | |
| **१३** | **सामुदायिक शिक्षालय** | निशुल्क | |
| **१४** | **संस्थागत विद्यालय व्यवसाय कर** | | |
| | माध्यमिक विद्यालय कक्षा ( १–१२) | १००००।०० | |
| | आधारभुत कक्षा ( १–८) | ७०००।०० | |
| | प्राथमिक विद्यालय कक्षा (१–५) | ५०००।०० | |
| | छात्र/छात्रावास | ५०००।०० | |
| | मन्टेश्वरी तथा शिशू स्याहर केन्द्र | ५०००।०० | |
| | सर्टिफिकेट आधारभुत तह ( कक्षा ८) | ३५०।०० | |
| | सर्टिफिकेट प्रमाणित ( आधारभुत तहका सबै कक्षा) | १००।०० | |
| **१५** | **संस्थागत विद्यालय तथा नीजी शैक्षिक गुठी अनुमति शुल्क** | | |
| | शिशु नर्सरी के.जी. | १०००० | |
| | कक्षा १ | ११००० | |
| | कक्षा २ | १२००० | |
| | कक्षा ३ | १३००० | |
| | कक्षा ४ | १४००० | |
| | कक्षा ५ | १५००० | |
| | कक्षा ६ | १६००० | |
| | कक्षा ७ | १७००० | |
| | कक्षा ८ | १८००० | |
| | कक्षा ९ | १९००० | |
| | कक्षा १० | २०००० | |
| **१६** | **इन्स्टिच्यूट, तालिम तथा अनूसन्धान केन्द्र** | | |
| | पोली टेक्निकल इन्स्टिच्युट, प्रशिक्षण समेत | १००००।०० | |
| | नर्सिङ्ग सि.मए.ए. र एच.ए. प्रशिक्षण समेत | १००००।०० | |
| | एजुकेशनल कन्सल्टेन्सी सेवा | १००००।०० | |
| | कम्प्यूटर/ईलेक्ट्रो.तालीम केन्द्र | १५००।०० | |
| | कम्प्यूटर डिजाईनिङ सेवा | १५००।०० | |
| | सवारी चालक तालीम केन्द्र | ७५००।०० | |
| | भाषा शिक्षा इन्स्टिच्युट, कोचिङ्ग सेन्टर | ७५००।०० | |
| **१७** | **गैर सरकारी संस्थाहरू** | | |
| | अन्तराष्ट्रिय संस्था (व्यवसायिक कारोबार गर्ने) | १००००।०० | |
| | राष्ट्रिय संस्था | ५०००।०० | |
| | स्थानीय संस्था | १०००।०० | |
| **१८** | **मर्मत तथा संभार सेवा** | | |
| | लेथ सेक्सन | २५००।०० | |

| | | | |
|---|---|---|---|
| | टायर रिसोलिङ | २०००।०० | |
| | टायर पन्चर मर्मत | ५००।०० | |
| | ईन्जिन मर्मत | ७५००।०० | |
| | डेन्टिङ सेवा | २५००।०० | |
| | पेन्टिङ सेवा | २५००।०० | |
| | वेल्डिङ सेवा | १०००।०० | |
| | पम्प सेक्सन मर्मत श्रेणी क | १५००।०० | |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन | १५००।०० | |
| | वासिङ सेक्सन | ५००।०० | |
| | रिक्सा, साइकिल मर्मत तथा पार्टस बिक्री पसल | ५००।०० | |
| | कमानी पट्टा मर्मत | ५००।०० | |
| | रेडियटर मर्मत | ५००।०० | |
| | सिट मेकिंग तथा ग्रिसिंग सेवा | ५००।०० | |
| | हेड मर्मत सेक्सन | ५००।०० | |
| | टि.भी., डेक, फ्रिज, कम्प्युटर, मर्मत पसल | १०००।०० | |
| | मोवाईल मर्मत पसल | ५००।०० | |
| | रेडियो, घडी मर्मत पसल | ५००।०० | |
| | अन्य मर्मत पसल | ५००।०० | |
| | **सेक्युरिटीरियल कम्पनी सेवा** | १०००।०० | |
| १९ | **ड्राइक्लिनिङ, सैलुन तथा ब्युटीपार्लर** | | |
| | ब्युटी पार्लर सेवा ब्युटिशियन तालीम सहितको | १५००।०० | |
| | ब्युटी पार्लर सेवा | १०००।०० | |
| | ब्युटीसियन तालिम सेवा | १०००।०० | |
| | सैलून | १०००।०० | |
| | ड्राइक्लिनिक सेवा | ५००।०० | |
| २० | **साईन वोर्ड आर्ट व्यवसाय** | | |
| | डिजिटल आर्ट ब्यवसाय /फ्लेक्स प्रिन्ट ब्यवसाय | १५००।०० | |
| | अन्य आर्ट | १०००।०० | |
| २१ | **पशूबधशाला** | | |
| | पशूबधशला | ५०००।०० | |
| | पशूको छाला संकलन तथा बिक्री केन्द्र | ३०००।०० | |
| २२ | **माछा, मासु अण्डा विक्री पसल** | | |
| | रागा मासु | २०००।०० | |
| | खसी/वोका मासु | १०००।०० | |
| | बंगुर मासु | १०००।०० | |
| | माछा | ५००।०० | |
| | कुखुरा | ५००।०० | |

| | | | |
|---|---|---|---|
| | अण्डा | ५००।०० | |
| २३ | **फूल बिरूवा विक्री पसल** | | |
| | नर्सरी | १०००।०० | |
| | फूल विक्री पसल | ५००।०० | |
| २४ | **स्नुकर/पुल हाउस** | | |
| | स्नूकर तथा पूल दूवै भएको | २०००।०० | |
| | स्नूकर, | १०००।०० | |
| | पुल हाउस | १०००।०० | |
| | जीम हाउस | १५००।०० | |
| २५ | **हेभिइक्युवमेन्ट तथा अन्य इक्युवमेन्ट** | | |
| | हेभिइक्युवमेन्ट खरिद/बिक्री | ६०००।०० | |
| | अन्य इक्युवमेन्ट खरिद/बिक्री | ४०००।०० | |
| २६ | **कवार्ड खरिद विक्री** | २०००।०० | |
| २७ | **स्पोटर्स, खेलौना, गिफ्ट तथा फोटो फ्रेम पसल** | | |
| | स्पोटर्स समाग्री, बिक्री पसल | १०००।०० | |
| | गिफ्ट बिक्री पसल | १०००।०० | |
| | खेलौना पसल | ५००।०० | |
| | फोटो फ्रेम पसल | ५००।०० | |
| २८ | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | | |
| | सिलाई पसल सटिङ सुटिङ | १५००।०० | |
| | सिलाई पसल | १०००।०० | |
| | बुटिक ल्याब्रटोरी | ५००।०० | |
| २९ | **वैदेशिक रोजगार ब्यवसाय** | | |
| | वैदेशिक रोजगार ब्यवसाय मुख्य कार्यालय | २०००००।०० | |
| | वैदेशिक रोजगार ब्यवसाय शाखा कार्यालय | ५०००।०० | |
| ३० | **संगित तथा कला केन्द्र सेवा** | | |
| | संगित समाग्री बिक्री पसल | १०००।०० | |
| | संगित तथा कला केन्द्र | १०००।०० | |
| ३१ | **हाटवजारमा ब्यावसाय गर्ने व्यवसायिको हकमा** (पटके) | | |
| | फेन्सी तथा कपडा पसल | २५०।०० | |
| | किराना बिसाता एवं भाडा पसल | २५०।०० | |
| | अन्य प्रकृतीका | २५०।०० | |
| ३२ | व्यापारको हकमा कार्यापालिकाबाट कार्यविधि बनाई तोकेको मापदण्ड पुगेकालाई मात्र व्यापार इजाजत दिइनेछ । | कार्यविधिमा तोके बमोजिम | |
| ३३ | साना सवारीको मापदण्ड बनाइ मापदण्डका आधारमा रूट | कार्यविधिमा | |

| | | | |
|---|---|---|---|
| | परमिट दिने र भाडादर तोकिनेछ । | तोके बमोजिम | |

नोट: पूर्जा र प्रकृतिका आधारमा ।

क) क्षेत्र ग मा सञ्चालित व्यवसायहरूको वार्षिक करमा ५० प्रतिशत छुट दिईने छ । व्यवसायकर समयमा नबूझाउने व्यवसायी लाई प्रतिवर्ष २० प्रतिशतका दरले थप जरिवाना लाग्ने छ ।

ख) प्रत्येक व्यवसायको दर्ता प्रयोजनका लागि उपलब्ध गराईने फाराम र प्रमाणपत्र वापत रू १०० दस्तुर लाग्ने छ । समयमा नविकरण नगर्ने व्यवसायीलाईप्रतिवर्ष २० प्रतिशतका दरले थप जरिवाना लाग्ने छ ।

## अनुसूची (५)
## ऐनको दफा ६ सँग सम्बन्धीत
## जडिवुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं. | शिर्षक विवरण | दर रु. | |
|---|---|---|---|
| १ | **उन प्रति के.जी** | ३ | |
| २ | **खोटो प्रति के.जी** | २ | |
| ३ | **जडीबुटी प्रति के.**जी | ५ | |
| ४ | **बनकस प्रति के.** जी(प्लास्टिक) | ०/५० | |
| ५ | **कवाडी माल प्रति के.**जी | २ | |
| ५.१ | **आल्मुनियम, फलाम, टिन प्रति के.**जी | ५ | |
| ५.२ | **कागज, गत्था, रबर प्रति के.** जी | १ | |
| ५.३ | **तामा, काँस, पीतल,सीसा प्रति के.** जी | २५ | |
| ५.४ | **बोतल प्रतिगोटा** | १ | |
| ६ | **जिवजन्तुको हाड** | २ | |
| ७ | **प्वाँख** | ५ | |
| ८ | **छ्याला** | ५ | |
| ९ | **सिंग प्रतिगोटा** | ५ | |

## अनुसूची (६)

**ऐनको दफा ७ सँग सम्बन्धीत**
**सानासवारी साधन कर**

| **क्र.सं.** | बार्षिक सवारी कर | वार्षिक कर | सवारी दर्ता कर | |
|---|---|---|---|---|
| १ | भाडाको टेम्पा, अटो रिक्सा (ईलेक्ट्रीक रिक्सा) | १००० | ५०० | |
| २ | रिक्सा, टांगा | १०० | १०० | |

<u>**अनुसूची (७)**</u>
**ऐनको दफा ८ सँग सम्बन्धीत**
**विज्ञापन कर**

| | | | |
|---|---|---|---|
| १ | तूल व्यानर प्रति वर्गफूट एक हप्ताको लागि | ३।५० | |
| २ | तूल व्यानर प्रति वर्गफूट १५ दिनको लागि | ४।०० | |
| ३ | तूल व्यानर प्रति वर्गफूट ३० दिनको लागि | ४।५० | |
| | डिजिटल डिस्प्ले प्रकृतिको विज्ञापन प्रति महिना | | |
| ४ | अडियो भिडियो डिस्प्ले १४ इन्च सम्म | २०००।०० | |
| ५ | अडियो भिडियो डिस्प्ले १४ इन्च भन्दा माथी प्रति इन्च थप | १५०।०० | |
| ६ | डिजिटल डिस्प्ले मात्र प्रति वर्ग फुट | १००।०० | |
| ७ | माथी उल्लेखित वाहेकका वोर्ड तथा पेन्टीङ एवं लेखन **प्रति वर्गफुट** | १५।०० | |

माथि जे उल्लेख गरिता पनि आ.व. २०७७/७८ मा विज्ञापन कर न्युनतम २ लाख कायम गर्ने ।

<u>**अनुसूची (८)**</u>

**ऐनको दफा १०सँग सम्बन्धीत**

## बहाल विटौरीकर

आर्थिक वर्ष २०७७/७८को प्रचलित कानुन बमोजिम बहाल विटौरी शूल्क असुली गर्नका लागि प्रचलित कानुन बमोजिम वहाल विटौरी शुल्क लगाउन र असुल उपर गर्नका लागि गाँउपालिकाले कार्यविधि वनाउने छ । सोही कार्यविधि बमोजिम वहाल विटौरी शुल्क लगाउन असुल उपर गरिने छ ।

## अनुसूची (९)

### ऐनको दफा ११ सँग सम्बन्धीत

### पार्किङ शुल्क

| | | | |
|---|---|---|---|
| गा. पा.ले निर्माण गरको क्षेत्रमा प्रतिघण्टा | | | |
| १ | ठूला सवारी साधन | ३०।०० | |
| २ | साना सवारी साधन | २०।०० | |
| ३ | मोटरसाईकल, स्कूटर | १०।०० | |
| गा.पा.ले तोकेको क्षेत्र | | | |
| ४ | ठूला सवारी साधन | १५।०० | |
| ५ | साना सवारी साधन | १०।०० | |
| ६ | मोटरसाईकल , स्कूटर | ५।०० | |

## अनुसूची (१०)

### ऐनको दफा १२ सँग सम्बन्धीत

## सेवा शुल्क दस्तुर

आ.व. २०७६।७७ को लागि शूल्क तथा दस्तूरहरु देहाय बमोजिम कायम गरिएको छ ।

| सि.न | विवरण | कर/शूल्क/दस्तूर | कैफियत |
|---|---|---|---|
| १ | सिफारिस | | |
| १.१ | सहयोग जन्य उपचार तथा अपाङ्गता, अशक्ता सम्बन्धी | नि:शूल्क | |
| १.२ | योजना माग सिफारिस | ५००।०० | सामूदायिक विद्यालय तथा स्वास्थ्य संस्थाको सिफारिस नि:शूल्क हूनेछ । |
| १.४ | कार्यसम्पन्न सिफारिस रु.एक लाख सम्म | ५०।०० | |
| १.५ | कार्यसम्पन्न सिफारिस रु.एक लाख भन्दा बढीको प्रति लाख रु. | १००।०० | |
| १.६ | अन्य प्रकृतिका सिफारिस | ३००।०० | |
| २ | नाता प्रमाणित | | |
| | क.नेपाली | २००।०० | |
| | ख.अग्रेजी | ६००।०० | |
| ३ | ट्राभल डकुमेन्ट सिफारिस | ५००।०० | |
| ४ | जग्गा नामसारी सिफारिस र श्रेष्ता कायम सिफारिस | | |
| | १. पांच कठ्ठा सम्म | ५००।०० | |
| | २. पांच भन्दा माथि २० कठ्ठासम्म प्रतिकठ्ठा | १००।०० | |
| | ३. बीस भन्दा माथि प्रतिकठ्ठा | ११०।०० | |
| ५ | मोही नामसारी तथा लगत कट्टा सिफारिस | नामसारी | लगत कट्टा |
| | १. पांच कठ्ठा सम्म | १०००।०० | २०००।०० |
| | २. पांच भन्दा माथि २० कठ्ठासम्म प्रतिकठ्ठा | २००।०० | ४००।०० |
| | ३. बीस भन्दा माथि प्रतिकठ्ठा | २५०।०० | ५००।०० |
| ६ | घरवाटो सिफारिस | अन्य | |
| | पूर्वपश्चिम राजमार्गको दाया वाया(२ कित्ता सम्म) | १०००।०० | थप प्रतिकित्ता १०० |
| | भित्री शाखा पिच बाटो दाया वाया(२ कित्ता सम्म) | ८००।०० | थप प्रतिकित्ता १०० |
| | भित्री ग्रेवल बाटो, गोरेटो वाटो समथर:(२ कित्ता सम्म) | ६००।०० | थप प्रतिकित्ता ५० |
| | भित्री कच्ची वाटोमा पन खेतियोग्य(२ कित्ता सम्म) | ५००।०० | थप प्रतिकित्ता ५० |
| | पहाडी क्षेत्र | ४००।०० | थप प्रतिकित्ता २५ |
| ७ | घर कायम सिफारिश | | |
| | ६०० वर्गफिट सम्म | १०००।०० | |
| | १००० वर्गफिट सम्म | २०००।०० | |

| | | | |
|---|---|---|---|
| | सो भन्दा वढी | २५०० ।०० | |
| ८ | चार किल्ला प्रमाणित सिफारिस(२ कित्ता सम्म) | ६००।०० | थप प्रतिकित्ता रु. १०० |
| ९ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | | |
| | नेपाली | १०००।०० | |
| | सार्क मूलूक | १५००।०० | |
| | अन्य मूलूक | ३०००।०० | |
| १० | संरक्षकत्व सम्बन्धी सिफारिस | निशूल्क | |
| ११ | हकवाला प्रमाणित | १०००।०० | |
| १२ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | १०००।०० | |
| १३ | निजी विद्यालय दर्ता र स्तर बृद्धि | | |
| | शिशू विकास केन्द्र: | ५०००।०० | |
| | आधारभूतविद्यालय | १४०००।०० | |
| | माध्यमिक विद्यालय | २४०००।०० | |
| | स्नातक तह र सो भन्दा माथि: | ५००००।०० | |
| १४ | सामूदायिक विद्यालय कक्षा थप ( स्तर अनूसार) | | |
| | आधारभूत विद्यालय | १०००।०० | |
| | माध्यमिक विद्यालय | २०००।०० | |
| | स्नातक तहमा संकाय थप प्रति संकाय | ५०००।०० | |
| १५ | रुख कटान सिफारिस आवादी निजी जग्गामा | | |
| | क. खयर, साल | १०००।०० | प्रति रुख |
| | ख. अन्य काठ जन्य | ५००।०० | प्रति रुख |
| | ग. कुकाठ | २००।०० | प्रति रुख |
| १६ | अंग्रेजी रुपान्तर | ५००।०० | प्रति डकूमेन्ट |
| १७ | वंशजको नागरिकता सम्बन्धी सिफारिस फाराम सहित | निशूल्क | |
| | जन्म सिद्ध नागरिकता सम्बन्धी सिफारिस फाराम सहित | १०००।०० | |
| १८ | बैवाहिक अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | १२००।०० | |
| १९ | नाम छूटको सिफारिस | ३००।०० | |
| २० | करचूक्ता प्रमाण पत्र | २००।०० | बैदेशिक प्रयोजन रु ५०० |
| २१ | सनाखत/सर्जमीन | ३००।०० | |
| २२ | ब्यक्तिगत घटना सिफारिश | २००।०० | |
| २३ | जिवित प्रमाणित | १००।०० | |
| २४ | अविवाहित/विवाहित प्रमाणित | | |
| | नेपाली | ३००।०० | |

| | | | |
|---|---|---|---|
| | अंग्रेजी | ५००।०० | |
| २५ | बसोबास सम्बन्धी सिफारिस | ३००।०० | |
| २६ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | ३००।०० | |
| २७ | अमिन शूल्क पहिलो २ कित्तासम्म जोडिएको हकमारु २०००।०० र थप प्रति कित्ता ५००।०० अन्यथा प्रतिकित्ता रु. २०००।०० | | |
| २८ | विद्यूत मिटर जडान /नामसारी सम्बन्धी सिफारिस स्तर अनुसार | | |
| | १) सामान्य /घरायसी | ३००।०० | |
| | २) व्यवसायीक | १०००।०० | |
| | ३) थ्रिफेज | २०००।०० | |
| २९ | टेलिफोन जडान /नामसारी सम्बन्धी सिफारिस | ५००।०० | |
| ३० | खानेपानी जडान/नामसारी | १५०।०० | |
| ३१ | नक्सापास किताव/अभिलेखिकरण किताव विक्री | ४००।०० | |
| ३२ | नक्सापास संसोधन | शूरु नक्सा पासको २५ प्रतिशत | |
| ३३ | नक्सापास म्याद थप | ५००।०० | |
| ३४ | नक्सापास नामसारी | ५००।०० | |
| ३५ | चारित्रिक सिफारिस (विद्यार्थीलाई ५० प्रतिशत छूट ) | ५००।०० | |
| ३६ | प्लटिङ्ग अनूमति | | |
| | ५ कठ्ठा सम्म प्रति कठ्ठा | ५०००।०० | कृषि योग्य कूनैपनि जग्गामाप्लटिङ गर्न दिइने छैन । |
| | १५ कठ्ठा सम्म प्रति कठ्ठा | ७०००।०० | |
| | १५ कठ्ठा भन्दा बढी प्रति कठ्ठा | १००००।०० | |
| **३७** | **उद्योग दर्ता सिफारिस दस्तूर ( क्रसर उद्योग र इट्टा उद्योग बाहेक )** | | |
| | **कृषि** | | |
| | ठूलो | ३०००।०० | |
| | मझौला | २५००।०० | |
| | सानो | १०००।०० | |
| | **गैर कृषि** | | |
| | ठूलो | २५०००।०० | |
| | मझौला | १००००।०० | |
| | सानो | ३०००।०० | |
| | घरेल तथा परम्परागत | १५००।०० | |
| **३८** | **उद्योग दर्ता शूल्क** | | |

| | | | |
|---|---|---|---|
| | **कृषि** | | |
| | ठूलो | १५०००।०० | |
| | मझौला | १००००।०० | |
| | सानो | ४०००।०० | |
| | **गैर कृषि** | | |
| | ठूलो | ५०,०००।०० | |
| | मझौला | २०,०००।०० | |
| | सानो | ५,०००।०० | |
| ३९ | **सिमेन्ट उद्योग, क्रसर उद्योग,चिम्नी इट्टा र इट्टा उद्योग ( सिफारिस दस्तूर)** | | |
| | सिमेन्ट उद्योग | २५००००।०० | |
| | क्रसर उद्योग | ५००००।०० | |
| | चिम्नी इट्टा उद्योग | ४००००।०० | |
| | अन्य इटटा उद्योग | ५०००।०० | |
| ४० | **सिमेन्ट उद्योग, क्रसर उद्योग,चिम्नी इट्टा र इट्टा उद्योग (दर्ता शुल्क)** | पुंजीको आधारमा रु १ करोड सम्म को रु. ३० हजार र सो भन्दा माथिको प्रति लाखको रु. ५ सय थप हुदै जाने | |
| ४१ | **ब्यापार, व्यवसाय,प्राइभेट फर्म दर्ताको सिफारिस** | | |
| | अधिकृत पूजी ५ लाख सम्मको सिफारिश दस्तूर | ५००।०० | |
| | अधिकृत पूजी ५ लाख भन्दा वढी को सिफारिश दस्तूर | १०००।०० | |
| ४२ | **ब्यापार, ब्यवसाय,प्राइभेट फर्म दर्ता दस्तूर** | | |
| ४२.१ | अधिकृत पूजी ५ लाख सम्मको | ५,०००।० | |
| ४२.२ | अधिकृत पूजी २० लाख सम्मको | ८,०००।०० | |
| ४२.३ | अधिकृत पूजी २० लाख देखि ५० लाख सम्मको | १०,०००।०० | |
| ४२.४ | अधिकृत पूजी ५० लाख भन्दा वढी | १५०००।०० | |
| ४२.५ | ठाउंसारी, उद्धेश्य थप, पूजीबृद्धि कारोवार वन्द,नाम संसोधन, उद्धेश्य संसोधन, नामसारी दस्तूर ( ५ लाख सम्म पूजी भएमा ) | १०००।०० | |
| ४२.६ | ठाउंसारी, उद्धेश्य थप, पूजीबृद्धि कारोवार वन्द,नाम संसोधन, उद्धेश्य संसोधन, नामसारी दस्तूर ( ५ लाख भन्दा बढि पूजी भएमा ) | २०००।०० | |
| ४१ | छात्रवृत्ति/उपचार/राहत/अपाङ्ग/आर्थिक सहायता सम्बन्धी सिफारिस | नि:शूल्क | |
| ४२ | माथी उल्लेख गरिएवाहेकका अन्य सिफारिस | ३००।०० | |
| ४३ | निवेदन दस्तूर | १०।०० | |
| ४४ | व्यक्तिगत घटना दर्ता (३५ दिन कटेका) | ५०।०० | |
| ४५ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तूर | २०००।०० | |
| ४६ | भवन निर्माण दरखास्त फाराम | ५००।०० | |
| ४७ | परीक्षा सम्बन्धी दरखास्त फाराम शूल्क | ५०।०० | |
| ४८ | परिक्षा दस्तूर लोक सेवा आयोगले तोके बमोजिम | | |

| | | | |
|---|---|---|---|
| ४९ | नक्कल प्रमाणित प्रतिपाना | ५।०० | |
| ५० | घरपालुवा कूकूर दर्ता र नवीकरण दस्तूर | १००।०० | |
| ५१ | भरुवा बन्दूक नवीकरण दस्तूर | | |
| | जिल्ला भर | १०००।०० | |
| | प्रदेश भर | २०००।०० | |
| | राज्य भर | ३०००।०० | |
| ५२ | घर निर्माण नक्शाको नक्कल दस्तुर प्रति पेज | | |
| | एक तला | १५।०० | |
| | सोभन्दा माथि प्रति तल्ला थप | ५।०० | |
| ५३ | घरको कोठा खूलाउन रोहवर वस्ने | ५००।०० | |
| ५४ | मिलापत्र दस्तुर प्रति पक्ष प्रति बैठक | १००।०० | |
| ५५ | जनजाति/दलित प्रमाणित,सिफारिश | ५००।०० | |
| ५६ | लिखत प्रमाणित दस्तुर | २००।०० | |
| आर्थिक सहायता, दीन दु:खी हरुको हकमा गा.पा. अध्यक्ष वा प्रमूख प्रशासकीय अधिकृतको तोक आदेश अनूसार निशूल्क सेवा प्रदान गर्न सकिने छ । | | | |
| ५६ | सम्पती मूल्याङ्कन सेवा शूल्क | जम्मा रकमको ०.१० प्रतिशत | (अध्ययनको प्रयोजनको हकमा कूल राजश्वको २० प्रतिशत छूट गरिनेछ ।) |
| | गाउंपालिकाले तत्काल धितो मूल्यांकन गरेको सिफारिसको पून: नवीकरण गर्नूपर्दा जून प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तूरको २० प्रतिशत राजश्व लिइनेछ । | | |
| ५७ | आयस्रोत प्रमाणित | जम्मा रकमको ०.२५ प्रतिशत | (अध्ययनको प्रयोजनको हकमा कूल राजश्वको २० प्रतिशत छूट गरिनेछ ।) |
| | **कान्जी हाउस दस्तूर** | | |
| ५८ | गाई गोरु प्रति गोटा | प्रति दिन ५०।०० | |
| ५९ | भैंसी रागा प्रति गोटा | प्रति दिन ५०।०० | |
| ६० | घोडा खच्चड प्रति गोटा | प्रति दिन ५०।०० | |
| ६१ | सूगूंर बंगूर प्रति गोटा | प्रति दिन ५०।०० | |
| ६२ | बाखा भेंडा प्रति गोटा | प्रति दिन ५०।०० | |
| कान्जी हाउसमा पशू राख्दा घांसपानी परालको खर्च सम्बन्धित पशू धनीले नै व्यहोर्नूपर्नेछ | | | |
| कान्जी हाउसमा पशू समाती थून्ने कर्मचारीलाई २५ र अन्य व्यक्तिलाई ३५ प्रतिशत पूरस्कार स्वरुप दिइनेछ । | | | |
| कान्जी हाउसमा थूनेको पशू सोही दिन लिन नआएमा प्रतिदिन १० प्रतिशतका दरले थप जरिवाना लाग्नेछ र कान्जीहाउसमा थूनेको पशू मरेमा गा.पा. जवाफदेही हूने छैन । | | | |
| कान्जी हाउसमा पशू समाती थूनेपछि सो पशूलाई हेरचाह गर्ने कर्मचारीलाई उठेको रकमको १५ प्रतिशत थप सूविधा दिइनेछ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **सरसफाई शूल्क (मासिक)** | | | | |
| ६३ | प्रति घर (१ तलाको) | १५०।०० | | | |
| ६४ | किराना, फेन्सी, कस्मेटिक, जस्ता व्यवसाय प्रति पसल | १५०।०० | | | |
| ६५ | होटल,नाई, हस्पिटल तथा क्लिनिक, तरकारी पसल आदि व्यवसायहरुको मासिक प्रति पसल | २००।०० | | | |
| ६६ | व्याकहो लोडर भाडा कार्य गर्दा ईन्धन वाहेक प्रति घन्टा | १२००।०० | **गाउँपालिकाको औजार मेसिनहरु कार्यपालिकाले बनाएको कार्यविधि बमोजिम व्यवस्थित गरिनेछ ।** | | |
| ६७ | व्याकहो लोडर भाडा ईन्धन सहितको प्रति घन्टा | २०००।०० | | | |
| ६८ | व्याकहो लोडर आते जाते समयको इन्धन वाहेक | ४००।०० | | | |
| ६९ | व्याकहो लोडर आते जाते समयको इन्धन सहित | ७००।०० | | | |
| ७० | रोड रोलर कार्य गर्दा ईन्धन वाहेक प्रति घन्टा रु २००० र एकपटक लैजादा कम्तीमा १२०००। | २०००।०० | | | |
| ७१ | फर्म सुचीकरण दस्तूर: | | | | |
| | **किराना** व्यवसायी स्टेशनरी भाडा पसल इत्यादी | ५००।०० | | | |
| | ख .कृषि एग्रोभेट भेटेनरी पसल / | ५००।०० | | | |
| | ग.मझौला व्यवसायी औषधी मेसीनरी उपकरण आपूर्ति आदि | १०००।०० | | | |
| | घ.ठूला व्यवसायी : परामर्शदाता इन्जिीनियरीङ सेवा प्रदायक | ५०००।०० | | | |
| ७२ | रोड रोलर आते जाते समयको इन्धन वाहेक | ५००।०० | | | |
| ७३ | रोड रोलर कार्य गर्दा ईन्धन सहित | २३००।०० | | | |
| ७४ | रोड रोलर आते जाते समयको इन्धन वाहेक | १०००।०० | | | |
| **७५** | ट्याक्टर प्रति ८ घण्टा इन्धन वाहेक | ३०००।०० | | | |
| | | | | | |
| | **घरनक्सा पास तथा अभिलेखिकरण सम्बन्धी दस्तूर** | | | | |
| | भौतिक संरचनाको विवरण | करको दर (प्रति व.फी.) ने.रु.मा | | | |
| | | नक्सापास क्षेत्र | | | |
| | | क | ख | ग | |
| १. | आर. सी. सी. फ्रेम स्ट्रक्चर | | | | |
| क) | पुर्ण भूमिगत तला | २.५० | २.०० | १.०० | |
| ख) | अर्ध भूमिगत तला | ३.५० | ३.०० | २.०० | |
| ग) | जमिन तला | ४.०० | ३.५० | ३.०० | |
| घ) | पहिलो तला | ४.५० | ४.०० | ३.०० | |
| ङ) | दोश्रो तला | ५.०० | ४.०० | ३.०० | |
| च) | तेश्रो तला | ५.०० | ४.०० | ३.०० | |
| छ) | चौथो तला | ६.०० | ५.०० | ४.०० | |
| ज) | पाचौ तल्ला वा सो भन्दा माथि | १०.०० | ८.०० | ६.०० | |

| | | | | |
|---|---|---|---|---|
| २ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो (न्यूनतम २३ से.मी. मोटाई) टायल छाना | २.५० | २.०० | १.५० |
| ३. | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो (न्यूनतम २३ से.मी. मोटाई), जस्तापाताछाना | २.२५ | १.७५ | १.५० |
| ४. | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो फूसको छाना | २.५० | १.५० | १.०० |
| ५ | माटोको जोडाईमा इटा वा ढुंगाको गारो टायलको छाना | २.०० | १.७५ | १.०० |
| ६ | माटोको जोडाईमा इटा वा ढुंगाको गारो जस्ताको छाना | १.५० | १.२५ | १.०० |
| ७ | माटोको जोडाईमा इटा वा ढुंगाको गारो फूसको छाना | १.२५ | १.०० | ०.७५ |
| ८ | घर पाताल प्रमाणित रु १०००।०० | | | |
| ९ | घर पाताल अर्धपक्की एकमुष्ट | | | |
| १० | घर पाताल पूर्ण कच्ची एकमुष्ट | | | |

**वर्गिकरणका आधार**

| | |
|---|---|
| क्षेत्र क | पूर्व पश्चिम राजमार्ग तथा प्यूठान सडकको मध्य विन्दुवाट ३०० मिटर दायावाया पर्ने सवै क्षेत्रहरू, भालुवाङ पुरानो वजार क्षेत्र, पूलचोक क्षेत्र,कालोपत्रे गरिएका भित्री सडकमा पर्ने सवै क्षेत्रहरू |
| क्षेत्र ख | माथी क्षेत्र क उल्लेखित क्षेत्र र वडा नं. ९को संपूण. क्षेत्रहरू ,वडा नं. १ को वगासोती खर्क लगायतको पहाडी क्षेत्रहरू, वडा नं. २को स्यानीघोष ,वाहुनीपाटा लगायतको पहाडी क्षेत्र,वडा नं. ५ को करङे , पुन खोला दह खेला घोप्ले आाप, थकरीकोट भुल्के लगायतको पहाडी क्षेत्र र राप्ती नदी ,सानो नदी र दोलै खोला कटानले वगरमा परिणत भएको क्षेत्र वाहेकको क्षेत्रहरू |
| क्षेत्र ग | वडा नं. ९को संपूण. क्षेत्रहरू ,वडा नं. १ को वगासोती खर्क लगायतको पहाडी क्षेत्रहरू, वडा नं.२ को स्यानीघोष ,वाहुनीपाटा लगायतको पहाडी क्षेत्र,वडा नं. ५ को करङे , पुन खोला दह खोला घोप्ले आाप, थकरीकोट भुल्के लगायतको पहाडी क्षेत्र र राप्ती नदी ,सानो नदी र दोलै खोला कटानले वगरमा परिणत भएको क्षेत्र |

यसमा उल्लेख नभएका विषयमा पुंजी र प्रकृतिका आधारमा अध्यक्ष स्तरको निर्णयबाट तोकिएको दररेटलाई कायम गरी असुल उपर गरिनेछ ।

# अनुसूची (११)

ऐनको दफा १३ सँग सम्बन्धीत

## पर्यटन शुल्क

**पर्यटन शुल्क प्रदेश कानूनले तोकेकोमा सोही बमोजिम र नतोकेमा पर्यटकीय स्थलहरुको प्रवेश शुल्कमा टिकट मूल्यको ५ % का दरले पर्यटन शुलक असुल उपर गरीने छ ।**